"दिगो र तीव्र विकास चौकुनेको रहर, गुणस्तरीय शिक्षा र व्यावसायिक कृषिमा लहर"

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५

पत्र-संख्याः- ८०८१/०८२
चलानी नम्बरः- ५६८

मितिः २०८१।१०।२९

विषयः कार्य जिम्मेवारी (TOR) तोकिएको सम्बन्धमा ।

श्री जगदिश पाण्डे (क.सं.नं. २३६३१६)
शाखा अधिकृत
सामाजिक विकास शाखा प्रमुख ।

उपरोक्त सम्बन्धमा, यस चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा अधिकृतस्तर सातौं पदमा कार्यरत वरिष्ठ शाखा अधिकृत तपाई श्री जगदिश पाण्डेलाई सामाजिक विकास शाखा प्रमुखको रुपमा तपसिलमा तोकिए बमोजिमको कामकाज गर्ने गरी कार्य जिम्मेवारी तोकिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुखको अनुपस्थितिमा निजको जिम्मेवारीको कामकाज गर्ने ।
२. सामाजिक विकास शाखा प्रमुखको हैसियतले सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई, महिला बालबालिका तथा समाज कल्याण इकाईको प्रमुख भई कार्य गर्ने ।
३. सामाजिक सुरक्षा भत्तामा सम्बन्धमा नियमानुसार सा.सु. दर्ता नविकरण र समयमै वितरणको व्यवस्था मिलाउने ।
४. घटना दर्ता सम्बन्धमा वडा सचिवको क्षमता विकास, घटना दर्ताको अभिलेख, अनलाइन दर्ता सम्वन्धमा आवश्यक समन्वय, सहकार्य र निर्देशन गर्ने ।

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

५. गाउँपालिका भित्रिने सामाजिक संघ संस्थाको अभिलेख राख्ने, विवरण अध्यावधिक गर्ने, संघसंस्था भित्र्याउने सन्दर्भमा गाउँपालिका उपाध्याक्ष संग समन्वय सहजीकरण गर्ने, आवश्यक अनुमती र सिफारिस गर्ने ।

६. अपाङ्गता समन्वय समितिको सिफारिस अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने ।

७. नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहबाट घोषणा गरिएका विभिन्न दिवस, जात्रा, पर्व सञ्चालन र सम्पन्न गराउन आवश्यक व्यवस्था गर्ने गराउने ।

८. अर्को व्यवस्था नहुन्जेल योजना तथा अनुगमन इकाईको कार्य जिम्मेवारी निर्वाह गर्ने ।

९. योजना तथा अनुगमन शाखा प्रमुखको हैसियतले खरिद योजना तथा गुरु योजना बनाई खरिद समितिमा पेश गर्ने ।

१०. योजना तथा अनुगमन इकाईबाट हुने कार्यमा लागत अनुमान स्वीकृत, योजना सम्झौता, म्याद थप, मुल्य समायोजन, कारवाही र पुरस्कारको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतलाई राय पेश गर्ने, सिफारिस गर्ने ।

११. उपभोक्ता समितिबाट सञ्चालन कार्यान्वयन गरिने रु. १० लाख सम्म लागत अनुमान भएका आयोजनाको योजना सम्झौता गर्ने गराउने।

१२. गाउँ कार्यपालिका र मातहतका निकायबाट कार्यसम्पन्न भई आएका योजनाको उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, अनुगमन समितिका पदाधिकारीसंग समन्वय गरी अनुगमन निरीक्षणको व्यवस्था मिलाउने भुक्तानी सिफारिस गर्ने।

१३. कार्यलयको कामकाजको सम्बन्धमा प्राप्त भएका गुनासो, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य निकायबाट माग भए अनुसार कार्यालय प्रमुख र सम्बन्धित शाखासंग समन्वय गरी राय प्रतिक्रिया, जवाफ र कागजात पठाउने ।

१४. गाउँ कार्यपालिका कार्यालयबाट सञ्चालन हुने आयोजनाको हकमा त्रैमासिक प्रगति विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्ने ।

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

१५.  प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश भए अनुसारका अन्य कामकाज गर्ने गराउने ।

........................

पूर्ण बहादुर बि.क.

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत